## <u>बिषय : स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन ।</u>

**श्री कपिलवस्तु नगरपालिका कार्यालय**

तौलिहवा, कपिलवस्तु

हामिले कपिलवस्तु नगरपालिका कार्यालयको च.नं. १२२१ मिति २०७२/०९/०१ गतेको नियुक्ति पत्रानुसार कपिलवस्तु नगरपालिका कार्यालयको आर्थिक बर्ष २०७१/२०७२ को बर्षिक आर्थिक विवरण,वित्तिय विवरण सहितको श्रेस्ता, आन्तरिक लेखापरिक्षण प्रतिवेदन, प्रमुख लेखा नीति तथा लेखा टिप्पणीको आधारमा लेखा परिक्षण कार्य सम्पन्न गरेका छौं ।

**<u>वित्तीय बिवरणको उत्तरदायित्व</u>**

स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ तथा सार्वजनिक खरिद ऐन, २०६३ लगायत प्रचलित ऐन, कानून, स्थानीय विकास मन्त्रालयको निर्देशनहरु, नेपाल लेखामान बमोजिम वित्तीय बिवरणको तयारी र यथार्थ प्रस्तुतीकरण गर्नु कपिलवस्तु नगरपालिकाको उत्तरदायित्व हो ।

यस उत्तरदायित्व भित्र प्रस्तुत वित्तीय बिवरण, गलत आंकडा, जालसाझी वा त्रुटी रहित छ भनि तयारी र प्रस्तुतीकरण गर्ने र सो संग सम्बन्धीत आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने,लागू गर्ने र उपर्युक्त लेखा नीतिको छनौट गरी लागू गर्ने साथै उपर्युक्त लेखा अनुमान गर्ने कार्यहरु समावेश छन् ।

**<u>लेखा परिक्षकको उत्तरदायित्व</u>**

आर्थिक बर्ष २०७१/०७२ को अर्थिक बिवरण सहितको श्रेस्ता लेखापरीक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा उक्त ऐन, नियममा रहेका अनुसूची साथै अन्य प्रचलित ऐन, कानून र नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । लेखापरीक्षण मानहरु तथा प्रचलित ऐन, कानून अनुसार लेखापरीक्षण गर्दा वित्तीय बिवरणहरु गलत आंकडा रहित छ भने नैतिक रुपमा बिश्वस्त भै लेखापरीक्षण योजना तयार गरेको छु । वित्तीय बिवरणमा उल्लेखित रकम र खुलाईएका अन्य बिवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के नमुना परिक्षण समेत लेखापरीक्षणमा समावेश गरिएको छ । कपिलवस्तु नगरपालिकाले अवलम्वन गरेको लेखा नीति र नगरपरिषदले गरेको अनुमान एवम् वित्तीय बिवरणहरुको समग्र स्थितीहरुको मुल्यांकन पनि लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । लेखापरीक्षण प्रतिवेदनले हाम्रो रायलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी बिश्वस्त छौं ।

**<u>लेखा परिक्षकको राय</u>**

मेरो रायमा संलग्न आर्थिक बिवरणले सारभूत रुपमा आर्थिक बर्ष २०७०/०७१ को वित्तीय स्थिती र आय व्यय बिवरणलाई नेपाल लेखामान एवं सान्दर्भिक लेखा सिद्धान्त अनुसार उचित पुर्वक चित्रण गरेको छ । उपरोक्त विवरणहरु स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ अनुसार नै रहेको छ । उपरोक्त रायमा कुनै असर नपर्ने गरि केहि आवश्यक लेखा टिप्पणी तथा सुझाव यसैसाथ संलग्न गरेको छु ।

.......................

अनुप कुमार थापा

रजिष्ट्रर्ड लेखापरीक्षक

मिति : २०७२।०९।२१

स्थान : कपिलवस्तु न.पा

## सुझाव तथा टिप्पणीहरु

कपिलवस्तु नगरपालिका कार्यालय, कपिलवस्तुको आर्थिक बर्ष २०७१/०७२ को प्रस्तुत बित्तीय बिवरण सहितको श्रेस्ताहरु परिक्षणको आधारमा देहाय बमोजिमको टिप्पणी तथा सुझाव प्रस्तुत गरेको छु।

१. कपिलवस्तु नगरपालिकाको आर्थिक बर्ष २०७१/०७२ को सम्पूर्ण आर्थिक कारोबार संग सम्बन्धित बित्तीय बिबरण तथा उल्लेखित आय व्यय विवरण प्रतिको उत्तरदायित्व नगरपालिकामा नै रहने छ।

२. कपिलबस्तु नगरपालिका कार्यालयको चलानी नम्बर १२२१ मिति २०७२।०९।०१ गतेको लेखापरीक्षण गर्ने नियुक्ति पत्रानुसार त्यस कार्यालयको आर्थिक बर्ष २०७१।०७२ को सम्पूर्ण आय व्यय सगं सम्बन्धीत आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण गर्ने कार्य सम्पन्न गरिएको छ। लेखापरीक्षण गर्दा नेपाल लेखापरीक्षणमान तथा नेपाल लेखामान साथै स्थानीय स्वायत्त शासन ऐन २०५५ स्थानीय स्वायत्त शासन नियमावली २०५६ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ सार्बजनिक खरिद ऐन २०६३ लगायतका अन्य प्रचलित ऐन कानून बमोजिम सम्पन्न गरिएको छ।

## विनियोजन तर्फ

३. कपिलवस्तु नगरपालिकाको सत्रौं तथा अठारौं नगरपरिषदबाट आर्थिक बर्ष २०७१/०७२ को लागि विनियोजित कार्यक्रम तथा बजेट अनुसार विनियोजन तर्फको श्रेस्ता लेखापरिक्षण गर्दा कपिलवस्तु नगरपालिकाको आर्थिक बर्ष २०७१/०७२ को अन्तमा सम्ममा विनियोजन गरिएको सिमा भित्र रहेर खर्च गरेको पाइयो।

४. कपिलवस्तु न.पा क्षेत्र भित्र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक, असहाय विधवा तथा एकल महिला र अपागंलाई बैकं मार्फत रकम वितरण गर्ने कार्यले वितरण कार्यमा पारदर्शिता कायम भएको देखिन्छ। तथापी जिल्ला विकास समितिको कार्यालय कपिलवस्तुबाट निकासा भएको १३५४०२००।०० मध्ये कृषि विकास बैकं बाट रु. १३३३६६००।०० वितरण भएको भरपाई प्राप्त भएकोमा २०३,६००।०० वितरण हुन बांकी रहेको रकम आ.व. को अन्तमा जि.वि.स.को कार्यालयमा दाखिला गर्नु पर्नेमा दाखिला नभएको हुंदा अभिलम्व दाखिला गरि हिसाव मिलान गर्नु पर्ने देखिन्छ।

५. कपिलवस्तु नगरपालिकामा रहेका विभिन्न सवारी साधनको लागि इन्धन खर्च वापत सवारी लकबुक प्रयोग गरिएको भएता पनि सवारी लकबुक मा कि.मि. तथा सवारी चढनेको नाम दस्तखत उल्लेख नगरिएको हुंदा इन्धन खर्चमा मितव्ययिता अपनाइएको छ भन्ने एकीन गर्न नसकिएको हुंदा सवारी लकबुकलाई व्यवस्थित गर्नु पर्ने देखिन्छ।

८. कपिलबस्तु नगरपालिका कार्यालय स्थापना कालदेखि थपिदै आएको बेरुजु रकम रु.७४,५८५।५० मध्ये आ.व. २०७१/०७२ मा रु.६७,२००।०० फछ्र्यौट भई बांकि रकम रु. ७,३८५।५० बेरुजु देखिन्छ, त्यसैगरी आर्थिक बर्ष २०७१/०७२ आषाढ मसान्तसम्म बिभिन्न व्यक्तिका नाममा रहेको पेश्कि रकम रु.३०१,३००।५० लाई अबिलम्ब फछ्र्यौट गरी श्रेस्ता अद्याबधिक गराई राख्नुपर्ने देखिन्छ।

## राजश्व तर्फ

९. कपिलवस्तु नगरपालिकाले आर्थिक बर्ष २०७१/०७२ को लागि कूल राजश्व (आन्तरिक श्रोत) को अनुमान रु. १०१,५३०००।०० गरेकोमा उक्त आ.व. मा रु. १००५४०६३।८४ अर्थात अनूमानको ९९ प्रतिशत

प्राप्त भएको प्रस्तुत वित्तिय विवरणबाट देखिन्छ । लक्ष्य अनुसारको  आम्दानी नहुदा आन्तरिक श्रोतबाट व्यहोरीने आयोजनाहरुमा प्रभाव परेको देखिन्छ साथै नगरपालिकाको आन्तरिक श्रोत बाट प्राप्त राजश्व ज्यादै न्यून रहेको हुदा नयां नयां राजश्वका श्रोत खाज्दै जानु पर्ने देखिन्छ ।

१०. कपिलवस्तु नगरपालिकाबाट लगाईएका विभिन्न ठेक्काहरुमा भएको द्विपक्षिय संझौता अनुसार तोकिएको समयमा ठेक्काको  किस्ताहरु प्राप्त हुन नआएको, संझौतामा लेखिए बमोजिम तोकिएको समयमा किस्तामा हर्जाना समेत लिनु पर्ने व्यवस्था भए पनि कार्यान्वयन नगरिएको हुंदा आगामी दिनमा राजश्व असुलीलाई प्राथमकिताका साथ कार्यान्वयन गर्न सुझाव पेश गरेको छु ।

**<u>धरौटी तर्फ</u>**

११. आ.व. २०७१/०७२ मा प्राप्त धरौटी रकम तथा गत आर्थिक बर्षमा जिम्मेवारी सरि आएको धरौटी रकम रु. ६४९५००९।७० मध्ये रु. २२७१२४१।८८ नियमानुसार धरौटी फिर्ता तथा रु. १२००।०० नियमानूसार सदर स्याहा भई खुद धरौटी मौज्दात रकम रु. ४२१६५६७८२ आर्थिक बिबरण ले चित्रण रु. १२७००।०० भूक्तानि हुन बांकी रहेको  देखिन्छ ।

**१२.** धरौटी खाताको विवरण अनुसार बर्षौ पुरानो धरौटी रकमका सन्दर्भमा चालु आ.व. मा समेत कुनै उल्लेखनिय कार्यवाही अगाडि नबढाइएको हुदा प्रकृया पुरा गरी धरौटी रकमलाई व्यबस्थापन गर्नु पर्ने देखिन्छ ।

१३. कपिलवस्तु नगरपालिका कार्यालय, कपिलवस्तुको आर्थिक बर्ष २०७१/०७२ को सम्पुर्ण आय व्यय अन्तिम लेखापरीक्षण गर्दा माथी लेखिएको बिवरण सोही अनुसार भएको र अन्य कैफियत रहित रहेको व्यहोरा राय व्यक्त गर्दछु ।

........................
अनुप कुमार थापन
रजिष्ट्रर्ड लेखापरीक्षक
मिति : २०७२।०९।२१
स्थान : कपिलवस्तु न.पा